फोन नं. ०३१-४१०१११

# शम्भुनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कठौना, सप्तरी
## मधेश प्रदेश नेपाल

**सूचना !      सूचना !!      सूचना !!!**

**आ.ब. २०७९/०८० को सार्वजनिक, ऐलानी पोखरी, दह, ताल ठेक्का सम्बन्धि शिलबन्दी दरभाउ आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२७ गते

यस शम्भुनाथ नगरपालिकाको राजश्व परामर्श समितिको निर्णय अनुसार यस शम्भुनाथ नगरपालिका भित्र रहेको निम्न बमोजिमका सार्वजनिक ऐलानी पोखरी, दह, ताल बन्दोबस्तीको लागि तिन बर्षको लागि (आ.ब. २०८१/०८२ सम्म लागि) ठेक्का लगाउनु पर्ने भएकोले तपसिलको शर्तको अधिनमा रहि इच्छुक व्यक्ति/संस्थाहरुबाट रित पुर्वकको शिलबन्दी दरभाउ पत्र आह्वानको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ।

<u>निम्न</u>

| ठेक्का नं. | पोखरी, दह, तालको नाम, बिवरण | ठेगानाअवस्थित/ | तिन बर्षको लागि न्युन्तम ठेक्का अङ्क | कैफियत |
|---|---|---|---|---|
| ००१/२०७९/८० | पुरना पोखरी | साविक अर्नाहा,२- अर्नाहा, श.न.पा-१२ | ३०१०००-/ | |
| ००२/२०७९/८० | डेढवा पोखरी | साविक अर्नाहा,४- अर्नाहा, श.न.पा.-१२ | ६२५०००-/ | |
| ००३/२०७९/८० | पुर्णी पोखरी (थनहा) | साविक अर्नाहा,५- अर्नाहा, श.न.पा.-१२ | ३०१०००-/ | |
| ००४/२०७९/८० | लभकी पोखरी | साविक अर्नाहा,८- अर्नाहा, श.न.पा.-१२ | २८२०००-/ | |
| ००५/२०७९/८० | पुर्णा पोखरी | साविक अर्नाहा,८- अर्नाहा, श.न.पा-१२ | ३१५६००-/ | |
| ००६/२०७९/८० | मिलन चौक देखी पुर्व राजमार्ग देखि उत्तरको पोखरी | शम्भुनाथ नगरपालिका वडा नं८ . | ३६०००-/ | |
| ००७/२०७९/८० | मिलन चौक देखी पुर्व राजमार्ग देखि दक्षिणको पोखरी | शम्भुनाथ नगरपालिका वडा नं८ . | ३६०००-/ | |
| ००८/२०७९/८० | आधारभुत बिद्यालय ठिकहा नजिकको पोखरी | शम्भुनाथ नगरपालिका वडा नं८ . | ७५०००-/ | |
| ००९/२०७९/८० | कारी धामी पोखरी | शम्भुनाथ नगरपालिका वडा नं८ . | ४६०००-/ | |
| ०१०/२०७९/८० | देवधार ताल | शम्भुनाथ नगरपालिका वडा नं८ . | १७१०००-/ | |
| ०११/२०७९/८० | भोलाबाबा पोखरी – १ | शम्भुनाथ नगरपालिका वडा नं७ . | ९५०००-/ | |
| ०१२/२०७९/८० | भोलाबाबा पोखरी – २ | शम्भुनाथ नगरपालिका वडा नं७ . | ९३०००-/ | |
| ०१३/२०७९/८० | मसोमातनी पोखरी (नरही) | शम्भुनाथ नगरपालिका वडा नं३ . | ९००००-/ | |
| ०१४/२०७९/८० | बाबाजी पोखरी (गोबिन्द दास जगह) | शम्भुनाथ नगरपालिका वडा नं३ . | १२५१०५-/ | |
| ०१५/२०७९/८० | गडेरी टोल सडक छेउको पोखरी | शम्भुनाथ नगरपालिका वडा नं३ . | १५५२९९-/ | |
| ०१६/२०७९/८० | जर्मन पोखरी | शम्भुनाथ नगरपालिका वडा नं३ . | २५६३९५-/ | |
| ०१७/२०७९/८० | महिला पोखरी | शम्भुनाथ नगरपालिका वडा नं३ . | ७५२९९-/ | |
| ०१८/२०७९/८० | कलाली पोखरी | शम्भुनाथ नगरपालिका वडा नं३ . | ५७५०००-/ | |
| ०१९/२०७९/८० | टेरवा पोखरी | शम्भुनाथ नगरपालिका वडा नं३ . | ३५२९९९-/ | |
| ०२१/२०७९/८० | पुरानो पोखरी (सिरकजरी) | शम्भुनाथ नगरपालिका वडा नं४ . | १०००००-/ | |
| ०२२/२०७९/८० | पुरानो पोखरी (जर्मन महिला पोखरी) | साविक शम्भुनाथ,८- हाल शम्भुनाथ नगरपालिका वडा नं४ . | १६००००-/ | |
| ०२३/२०७९/८० | माझी पोखरी सखुवा टोल | शम्भुनाथ नगरपालिका वडा नं४ . | १६००००-/ | |
| ०२४/२०७९/८० | जवाहर पोखरी सखुवा टोल | शम्भुनाथ नगरपालिका वडा नं४ . | ११००००-/ | |
| ०२५/२०७९/८० | नरहैया टोलको बिचमा रहेको पुरानो पोखरी | शम्भुनाथ नगरपालिका वडा नं४ . | ८००००-/ | |
| ०२६/२०७९/८० | सार्वजनिक नयाँ पोखरी | शम्भुनाथ नगरपालिका वडा नं१० . | ३००००-/ | |

राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत

शम्भुनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी
मधेश प्रदेश नेपाल

फोन नं. ०३१-४१०१११

| ठेक्का नं. | पोखरी, दह, तालको नाम, बिवरण | ठेगानाअवस्थित/ | तिन बर्षको लागि न्युन्तम ठेक्का अङ्क | कैफियत |
|---|---|---|---|---|
| ०२७/२०७९/८० | राष्ट्रपती चुरे तराई मधेश संरक्षण विकास समितिबाट निर्मित पोखरी खैरबोना | शम्भुनाथ नगरपालिका वडा नं२ . | ६५०००-/ | |
| ०२८/२०७९/८० | महिला पोखरी लतियाही | शम्भुनाथ नगरपालिका वडा नं६ . | ५००००-/ | |
| ०२९/२०७९/८० | महिला पोखरी | साविक वसवलपुर ,४- शम्भुनाथ न९ -.पा. | ८००००-/ | |
| ०३०/२०७९/८० | मरिक घर नजिकको पोखरी | साविक वसवलपुर,४- शम्भुनाथ न९ -.पा. | ५००५१-/ | |
| ०३१/२०७९/८० | हरकट्टी स्कुल छेउको पोखरी | साविक भंगहा,९- शम्भुनाथ न-.पा. ७ | १९००००-/ | |

**नियम तथा शर्तहरु:**

१. ठेक्का फाराम दस्तुर रु. ५००/- (पछि फिर्ता नहुने गरी) नगद बुझाउनु पर्नेछ। ठेक्का फाराम यस नगरपालिकाको राजश्व शाखाबाट सूचना प्रकाशन भएकै मितिबाट उपलब्ध हुनेछ। एउटा फाराममा एक मात्र पोखरीको लागि शिलबन्दी गरी पेश गर्नु पर्नेछ।

२. शिलबन्दि दरभाउ पत्र दर्ता गर्ने अन्तिम मितिः २०७९ असोज ११ गते मंगलबार कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ।

३. शिलबन्दि दरभाउ पत्र मिति २०७९ असोज १२ गते बुधबार दिनको १:०० बजे खोलिनेछ।

४. शिलबन्दि दरभाउ पत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदा परे सो को भोलि पल्ट हुनेछ।

५. खरिदको लागि संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको फोटोकपि र निवेदन।

६. कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फाराम स्वतः रद्द हुनेछ।

७. शिलबन्दी दरभाउ पेश गर्दा आफूले कबोल गरेको ठेक्का अंकको ५% ले हुन आउने रकम यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक कठौना स्थित बैंक खाता नं. २३२०१००३०३००००८ मा नगद जम्मा गरेको सक्कल भौचर नागरिकताको प्रतिलिपि संलग्न राखि शिलवन्दी पेश गर्नुपर्नेछ।

८. ठेक्का स्विकृत भएको रकम स्विकृत भएको मितिले ७ दिन भित्र एकमुष्ठ नगदै वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २३२०१०० ३०१०१०००८ मा जम्मा गरी भौचर बुझाउनु पर्नेछ। एकमुष्ठ रकम बुझाए १०% छुट दिइनेछ।

९. एकमुष्ठ रकम नबुझाई किस्ता बन्दीमा बुझाउनेले तिन किस्तामा बुझाउँदा पहिलो किस्ता स्वीकृत भएको सात दिन भित्र बुझाई बाँकी दुई किस्ता रकम बराबरको बैंक जमानत पेश गर्नु पर्नेछ। अन्यथा सम्झौता गरिनेछैन। किस्ता दामासाहीले निर्धारण गरिनेछ। किस्ता बन्दीमा छुट दिईनेछैन।

१०. ठेकेदारले सम्झौताको शर्त, नियम र प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा नगरपालिकाको प्रत्यक्ष नीति, निर्दर्शनमा रहि सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै बखत नगरपालिका कार्यालयले एक तर्फी सम्झौता भङ्ग गरी बैकल्पिक व्यवस्था गर्न सक्नेछ। सो निर्णय उपर कहि कतै उजुर बाजुर लाग्ने छैन।

११. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ।

१२. पेश्की वा बाँकी बक्यौता हुनेले बक्यौता रकम नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन।

१३. ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको दैबि प्रकोप आदी भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनु पर्ने र सो कबोल गरेको रकममा मिनाहा हुनेछैन।

१४. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको सिलबन्दि दरभाउ फाराम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन।

१५. पोखरी ठेक्का सम्बन्धि अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

...............................

राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत

राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत